# संघीय संसद
# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति

(सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन)

**बैठक संख्या- ४६**

मिति २०७७/०३/०५

## निर्णयहरु

१. नेपालमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको सम्वन्धमा वन तथा वातावरण मन्त्रालयका सचिवसँग छलफल गरी वैज्ञानिक वनको हालको अवस्था, वन फडानी तीव्र हुनुको कारण, यसको प्रभाव र असरबारे छलफल गरियो ।

२. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको सम्वन्धमा विस्तृत अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न माननीय प्रदिप यादवको संयोजकत्वमा तीन(३) सदस्यीय छानविन उपसमिति गठन गरियो ।

| | |
|---|---|
| माननीय प्रदिप यादव | - संयोजक |
| माननीय प्रेमबहादुर आले | - सदस्य |
| माननीय मिना सुब्बा | - सदस्य |

**कार्यक्षेत्र र शर्तहरु:**

(क) राष्ट्रिय वनमा लागू भएको वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका कारण वन फँडानी भइरहेको सम्बन्धमा स्थलगत अध्ययन गर्ने,

(ख) महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ मा उल्लेख भएबमोजिम वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमबाट १ खर्ब राजश्व उठ्ने लक्ष्य रहेकोमा २ अर्ब मात्र उठेको, लक्ष्यभन्दा बढी रुख कटान गरेको कारण व्यापक वन फँडानी भई वातावरणमा नकारात्मक प्रभाव समेत परेको अवस्थामा नेपालमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सञ्चालन भएपश्चात् हालसम्म भएका उपलब्धी, सरोकारवाला नागरिकहरुलाई पुगेको फाइदा/बेफाइदा, आगामी योजना र यसको वर्तमान अवस्थाको सम्बन्धमा अध्ययन गर्ने,

(ग) सो सम्बन्धमा सरोकारवालाहरुसँग छलफल र आवश्यक कागजात झिकाई अध्ययन गर्ने,

(घ) सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधि अनुसार कामकारवाही गर्ने,

(ङ) उपसमितिले कार्य प्रारम्भ गरेको मितिदेखि एक महिना (३० दिन) भित्र समितिमा प्रतिवेदन पेश गर्ने ।